# कानेपोखरी गाउँपालिका
Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बयरवन, मोरङ/Bayarban, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


प.सं.:२०८०/०८१
च.नं.:९९६

मितिः २०८०/०८/२१

**आन्तरिक आय सङ्कलनको शीलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/२१)

प्रस्तुत विषयमा यस गाउँपालिकाको आन्तरिक आय अन्तर्गत गाउँपालिका क्षेत्रभित्रका तपसिलका हाटबजारबाट आ.व. २०८०/०८१ मा आय सङ्कलन गर्नका लागि निम्न बमोजिमको दररेटबाट बढाबढ गरी बजार ठेक्का लिन इच्छुक नेपाली नागरिक/फर्महरुले तपसिल बमोजिमको शर्तमा रही शिलबन्दी दरभाउपत्र प्रकाशन भएको मितिले ७ दिनभित्रमा दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.सं. | हाटबजारको विवरण | कबोल रकम | भ्याट रकम | भ्याट सहित कूल कबोल रकम | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | डिपु बजार,कानेपोखरी-१ | ११,०२६ | १,४३४ | १२,४६० | १ वर्ष | |
| २. | बिहिबारे बजार,कानेपोखरी-६ | १३,२७४ | १७२६ | १५,००० | १ वर्ष | |

१. शीलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मिति ७औं दिनसम्ममा यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. शीलबन्दी दरभाउपत्र ८औं दिनको १२:०० बजेसम्म गाउँपालिकामा दर्ता गर्न सकिनेछ। सोही दिनको २:०० बजे दर्ता भएको शीलबन्दी दरभाउपत्रदाताको उपस्थितिमा वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शीलबन्दीपत्र खोल्न बाधा पर्ने छैन। ८औं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ।

३. दरभाउपत्रदाताले आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत रकम NIC ASIA बैंक लि. रमाइलो शाखामा रहेको यस कार्यालयको ग३ धरौटी खाता नं. D3CA000455752407 मा जम्मा गरेको सक्कलै बैंङ्क भौचर वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाई सोको सक्कलै रसिद शीलबन्दी खामभित्र राखी पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र यस कार्यालयबाट रु. ३००/- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।

५. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको अङ्कलाई मानिनेछ। टिपेक्स प्रयोग गरेको तथा केरमेट भएको फारामलाई मान्यता दिईने छैन।

६. सवैभन्दा बढी रकम कबोल गर्ने रीत पुगेको शिलबन्दी दरभाउपत्रलाई स्वीकार गरिनेछ।

७. ठेक्का पार्नेले ठेक्का परेको ७ दिनभित्रमा आफूले कबोल गरेको ठेक्का रकमको ६०% ले हुन आउने रकम कार्यालयको खातामा जम्मा गरी सम्झौता गर्नुपर्नेछ।

८. दरभाउपत्र स्वीकृत भए पश्चात ७ दिनभित्रमा सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी दोश्रोलाई ७ दिनको म्याद दिइनेछ र दोश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी तेश्रोलाई पुन: ७ दिनको म्याद दिईनेछ। यदि तेश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी अर्को ठेक्का आव्हान गरिनेछ।

९. ठेक्का पार्ने व्यक्ति वा फर्मले गाउँपालिकाले तोकेको दररेट भन्दा बढी कर सङ्कलन गर्न पाउनेछैन।

१०. रीत नपुगेको वा उपरोक्त शर्त बन्देज विपरित ठहरिने शिलबन्दीपत्र प्रतिष्पर्धाबाट स्वत: हटाइनेछ।

११. एउटा शिलबन्दी पत्र एउटा ठेक्काको लागि मात्र मान्य हुने भएकाले एक भन्दा बढी हाटबजारको दरभाउपत्र पेश गर्ने व्यक्ति/फर्मले छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ।

१२. कुनै कारणले बजार बन्द भएमा वा दरभाउपत्रदाताले तोकिएको शुल्क उठाउन नसक्ने अवस्था सृजना भएमा गाउँपालिकाले कुनै पनि प्रकारको क्षतिपूर्ति दिनेछैन।

१३. उल्लिखित शर्तहरु बाहेक अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

१४. थप अन्य जानकारीका लागि गाउँपालिकाको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

२०८०।०८।२१
... कुमारी यादव
... प्रशासकीय अधिकृत

# कानेपोखरी गाउँपालिका
Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बयरवन, मोरङ/Bayarban, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


प.सं.:२०८०/०८१
च.नं.: ६६८

मितिः २०८०/०८/२१

## आन्तरिक आय सङ्कलनको शीलबन्दी दरभाउपत्र आव्हानको सूचना।

(पहिलो पटक प्रकाशित मिति २०८०/०८/२१)

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्र आ.व. २०८०/०८१ देखि तीन वर्षका लागि आन्तरिक आय सम्बन्धी ठेक्का व्यवस्थापन अन्तर्गत विज्ञापन कर तपसिल बमोजिमको दररेटमा उठाउने ठेक्का लिन इच्छुक नेपाली नागरिक/फर्महरुले तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही यो शीलबन्दी दरभाउपत्र प्रकाशन भएको मितिले १५ दिनभित्रमा दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | विवरण | स्वीकृत दररेट | वर्ष | न्यूनतम कबोल रकम | भ्याट रकम | भ्याट सहित कूल कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | विज्ञापन कर उठाउने कार्य | कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८० मा उल्लेख भए बमोजिम | पहिलो | ८८,४९५ | ११,५०५ | १,००,००० | |
| | | | दोश्रो | १,०६,१९४ | १३,८०६ | १,२०,००० | |
| | | | तेश्रो | १,२७,४३३ | १६,५६७ | १,४४,००० | |

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मिति १५ दिनसम्ममा यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र १६औं दिनको १२:०० बजेसम्म दर्ता गर्न सकिनेछ। सोही दिनको २:०० बजे दर्ता भएको शीलबन्दी दरभाउपत्रदाताको उपस्थितिमा वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शीलबन्दीपत्र खोल्न बाधा पर्ने छैन। १६औं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ।

३. दरभाउपत्रदाताले आफूले कबोल अङ्कको ५ प्रतिशत रकम NIC ASIA बैंक लि. रमाइलो शाखामा रहेको यस कार्यालयको ग३ धरौटी खाता नं. D3CA000455752407 मा जम्मा गरेको सक्कलै बैंङ्क भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै बुझाइ सो को सक्कलै रसिद शीलबन्दी खामभित्र राखी पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र यस कार्यालयबाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।

५. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको अङ्कलाई मानिनेछ। टिपेक्स प्रयोग गरेको तथा केरमेट भएको फारामलाई मान्यता दिईने छैन।

६. सबैभन्दा बढी रकम कबोल गर्ने रीत पुगेको शीलबन्दी दरभाउपत्रलाई स्वीकार गरिनेछ।

७. ठेक्का पार्नेले ठेक्का परेको ७ दिनभित्रमा आफूले कबोल गरेको पहिलो वर्षको ठेक्का रकम कार्यालयको खातामा जम्मा गरी सम्झौता गर्नुपर्नेछ भने अन्य २ वर्षको कबोल रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना पश्चात अनिवार्य रुपमा गाउँपालिकामा बुझाई सम्झौतालाई नवीकरण गराउनुपर्नेछ।

८. दरभाउपत्र स्वीकृत भए पश्चात ७ दिनभित्रमा सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी दोश्रोलाई ७ दिनको म्याद दिइनेछ र दोश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी तेश्रोलाई पुन: ७ दिनको म्याद दिईनेछ। यदि तेश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी अर्को ठेक्का आव्हान गरिनेछ।

९. ठेक्का पार्ने व्यक्ति वा फर्मले गाउँपालिकाले तोकेको दररेट भन्दा बढी दरमा विज्ञापन कर सङ्कलन गर्न पाउनेछैन।

१०. रीत नपुगेको वा उपरोक्त शर्त बन्देज विपरित ठहरिने शीलबन्दीपत्र प्रतिष्पर्धाबाट स्वत: हटाइनेछ।

११. एउटा शीलबन्दी पत्र एउटा ठेक्काको लागि मात्र मान्य हुने भएकाले दरभाउपत्र पेश गर्ने व्यक्ति/फर्मले छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ।

१२. कुनै कारणले विज्ञापन कर उठाउन नसक्ने अवस्था सृजना भएमा गाउँपालिकाले कुनै पनि प्रकारको क्षतिपूर्ति दिनेछैन।

१३. उल्लिखित शर्तहरु बाहेक अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

१४. थप अन्य जानकारीका लागि गाउँपालिकाको सामान्य प्रशासन शाखामा (सम्पर्क नं. ९८५२०८१०३३) सम्पर्क राख्न सकिनेछ।

२०८०/०८/२१
हिरा ... प्रमुख प्रशासकीय अधिकृत



CamScanner